# धुनिवेशी नगर कार्यपालिकाको कार्यालय

खानीखोला, धादिङ

बागमती प्रदेश, नेपाल

# विनियोजन ऐन - २०७७

## नगरसभाबाट स्विकृत भएको मिति : २०७७।०३।१०

## प्रमाणिकरण

प्रमाणिकरण गर्नेको दस्तखत

नामः- बालकृष्ण आचार्य

पदः- नगर सभाका अध्यक्ष

मितिः- २०७७।०३।१०

धुनिवेशी नगरपालिकाको आर्थिक वर्ष २०७७/७८ को सेवा र कार्यहरुको लागि स्थानीय संचित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको

# विनियोजन ऐन, २०७७

## नगर सभा सचिवालय

धुनिवेशी नगरपालिका

खानीखोला, धादिङ

बागमती प्रदेश, नेपाल

धुनिवेशी नगरपालिकाको आर्थिक बर्ष २०७७/७८ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,

<u>सभाबाट स्वीकृत मिति : २०७७|०३|१०</u>

**<u>प्रस्तावना :</u>** धुनिवेशी नगरपालिकाको आर्थिक बर्ष २०७७/७८ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम धुनिवेशी नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ :</u>** (१) यस ऐनको नाम "धुनिवेशी नगरपालिकाको विनियोजन ऐन, २०७७" रहेको छ ।
(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>आर्थिक वर्ष २०७७/७८ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :</u>** (१)आर्थिक वर्ष २०७७/७८ को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम ६९,३३,८७,५००.०० (अक्षेरुपी रुपैयाँ उनान्सत्तरी करोड तेत्तिस लाख सतासी हजार पाँच सय मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **<u>विनियोजन :</u>** (१) यस ऐन द्वारा सञ्चित कोषबाट खर्च गर्ने अधिकार दिइएको रकम आर्थिक वर्ष २०७७/७८ को निमित्त धुनिवेशी नगरपालिकाको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

<u>अनुसूची १</u>

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

| क्र.सं. | अनुदान संख्या | शिर्षकको नाम | चालु खर्च | पूजीगत खर्च | वित्तिय व्यवस्थापन | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | नगर कार्यपालिका | ३९,४३,३५,५००।- | २९,९३,२२,०००।- | | ६९,३३,८७,५००।- |
| २ | | वडा समिति | | | | |
| ३ | | विषयगत शाखा | | | | |
| ४ | | ऋणको सावा व्याज भुक्तानी | | | | |
| ५ | | लगानी (शेयर/ऋण) | | | | |